# सम्पादकीय

"विकासको निम्ति शिक्षा" यस संस्थाबाट प्रकाशन हुने नियमित वार्षिक जर्नल हो । यस जर्नलभित्र शिक्षा क्षेत्रमा भए/गरेका अनुसन्धान तथा अध्ययनबाट प्राप्त ज्ञान तथा सूचनाहरूका आधारमा तयार पारिएका लेखहरू प्रकाशन गरिन्छ । अहिले पनि अुनसन्धानमा आधारित शैक्षणिक तथा प्राज्ञिक विषयवस्तु समेटिएका लेख समावेश गरी यस जर्नलको २४ औँ अङ्क प्रकाशन गर्न लागिएको हो । यस जर्नलमा समाविष्ट लेखका माध्यमबाट शैक्षणिक, प्राज्ञिक तथा अनुसन्धानका क्षेत्रमा क्रियाशील व्यक्तिहरूले लाभ लिनुहुने छ भन्ने अपेक्षा गरिएको छ । जर्नलमा समावेश गरिएका लेखले शिक्षण सिकाइ प्रक्रिया तथा अनुसन्धान कार्यमा सहयोग पुग्ने छ । यी लेखहरूले समाजका विविध क्षेत्रमा रहेका वास्तविकतासँग शैक्षणिक सन्दर्भको सामीप्य सिर्जना गरी सिकाइको क्षितिजलाई फराकिलो पार्ने छन् । साथै शैक्षिक समाज तथा ज्ञानका क्षेत्रमा तथ्यपरक सूचनाको सञ्चार गरी अनुसन्धानात्मक चेतको प्रवर्द्धनसमेत गर्ने छन् । यस जर्नलका माध्यमबाट शिक्षक, विद्यार्थी, अनुसन्धाता तथा जिज्ञासु पाठक लाभान्वित हुने अपेक्षा गर्न सकिन्छ । त्यति मात्र होइन कि प्रकाशित लेखका माध्यमबाट शैक्षिक क्षेत्रमा नीति निर्माण गर्न, सिकाइसँग सम्बद्ध समस्या समाधान गर्न तथा कार्यक्रमको समुचित कार्यान्वयन गर्नसमेत सहयोग प्राप्त हुने छ ।

यस अङ्कमा जम्मा ९ ओटा लेखहरू समावेश गरिएको छ । यस अङ्कका लागि प्राप्त लेखलाई सम्बद्ध विज्ञबाट पुनरावलोकन (Peer Review) गराई उहाँहरूबाट दिइएका सुझावसमेतका आधारमा लेखकबाट संशोधन एवम् परिष्कार गरी अन्तिम रूप दिइएको छ । यस्तो प्राज्ञिक प्रशोधनसहित सम्पादन गरिएका यी लेखबाट पक्कै पनि यथातथ्य सूचना एवम् ज्ञान हासिल हुने अपेक्षा गर्न सकिन्छ । आगामी दिनमा अझ सुदृढ र सशक्त सामग्री प्रकाशनको प्रतिबद्धता व्यक्त गर्दै लेखक तथा अनुसन्धाताहरूबाट प्राज्ञिक एवम् अनुसन्धानात्मक लेखको निरन्तर अपेक्षा गरिन्छ । यस अङ्कका लागि लेख उपलब्ध गराउने लेखक, विज्ञ समीक्षक तथा प्राविधिक सहयोगी मित्रहरूप्रति सम्पादक मण्डल हार्दिक आभार प्रकट गर्दछ ।

**सम्पादक मण्डल**